**कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२९/२०७९/०८०**

**कानेपोखरी गाउँ कार्यपालिकाको बैठकमा पेश गरिएको प्रस्ताव सम्बन्धी विवरण**

बैठक संख्या र मितिः २/२९/२०७९/०८०, मितिः २०८०।०३।०९ गते

| प्रस्तावको विषय | प्रस्ताव नं. |
|---|---|
| स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आ.व.२०८०।०८१ का लागि कायम गरेको विषयक्षेत्रगत बजेट सहितको कुल बजेट सीमालाई कायम गर्ने। | १ |
| गाउँ सभा अधिवेशनमा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने। | २ |
| कानेपोखरी गाउँपालिकाको विनियोजन विधेयक,२०८० लाई गाउँ सभा अधिवेशनमा स्वीकृतीका लागि पेश गर्ने। | ३ |
| कानेपोखरी गाउँपालिकाको आर्थिक विधेयक,२०८० लाई गाउँ सभा अधिवेशनमा स्वीकृतीका लागि पेश गर्ने। | ४ |
| वार्ड नं.३ को सुरक्षित आवास निर्माण परियोजनाको म्याद थप गर्ने। | ५ |
| बयरवन बजारको हटिया लाग्ने स्थानमा मिस गिट्टी पुरी सम्याउने कार्यको लागी बजेट व्यवस्थापन गर्ने। | ६ |
| जस्ता पाता वितरण गर्ने सम्बन्धमा। | ७ |
| उच्च अदालत विराटनगरको उत्प्रेसण परमादेशको सम्बन्धमा जवाफ पेश गर्न तथा वकिल खर्च सम्बन्धमा। | ८ |
| विविध। | ९ |

गाउँपालिका अध्यक्ष

उपरोक्त बमोजिमका प्रस्तावहरु कानेपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत् मिति २०८०।०३।०८ गते जानकारी भयो।

गाउँपालिका उपाध्यक्ष | १ नं. वडा अध्यक्ष | २ नं. वडा अध्यक्ष | ३ नं. वडा अध्यक्ष

४ नं. वडा अध्यक्ष | ५ नं. वडा अध्यक्ष | ६ नं. वडा अध्यक्ष | ७ नं. वडा अध्यक्ष

गाउँ कार्यपालिकाका सदस्यहरुः

पदम कुमारी कार्की | साउनी माझी | सुशिला श्रेष्ठ | प्रमिला परियार | झपटुलाल राजबंशी | सुफल मुर्मु

**मिति २०८०।०३।०९ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय**

CS CamScanner

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२९/२०७९/०८०

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्गनामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी पूर्व निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन मितिः २०८०।०३।०९

बैठक सञ्चालन स्थानः कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, बयरबन, मोरङ।

बैठक बसेको समयः दिउँसो ३.० बजे।

### उपस्थिति

| सि.नं. | पदाधिकारीहरुको नाम, थर | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री राजमती इङ्गनाम | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री भोला प्रसाद अधिकारी | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री रत्न बहादुर कार्की | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री सुशील बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री गोपाल बहादुर कार्की | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री रमेश राउत | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री चरण गुरुङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री खड्गबहादुर बस्नेत | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री मोहनप्रसाद अधिकारी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री पदमकुमारी कार्की | गाउँ कार्यपालिका सदस्य | |
| ११. | श्री सुशिला श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १२. | श्री प्रमिला परियार | गाउँ कार्यपालिका सदस्य | |
| १३. | श्री साउनी माझी | गाउँ कार्यपालिका सदस्य | |
| १४. | श्री झपटुलाल राजबंशी | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री सुफल मुर्मु सतार | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री विष्णु कुमार थेगुवा , प्र.प्र.अधिकृत | गाउँ कार्यपालिका सचिव | |



CamScanner

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२९/२०७९/०८०

### निर्णय नं.(१)

प्रस्ताव नं.१ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा व्यवस्था भएको कानेपोखरी गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८०।०३।०५ गते बसेको बैठकले कानेपोखरी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ का लागि कायम गरेको रु.५८,७६,८३,०००।– (अक्षेरुपी अन्ठाउन्न करोड छयात्तर लाख त्रियासी लाख रुपैया) बराबरको कुल आय र कुल व्यय अनुमान (सशर्त,समपूरक र विशेष अनुदान सहित) का विषयमा यस बैठकमा जानकारी भयो र उक्त आय तथा व्यय अनुमानलाई नै स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

कानेपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को कुल आय र व्यय अनुमानः

कुल आय तर्फ-

| सि.नं. | आय शीर्षक | अनुमानित रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | संघिय राजस्व बाँडफाँड | ९६७४६.९ | |
| २ | संघिय समानिकरण अनुदान | १२५९०० | |
| ३ | प्रदेश समानिकरण अनुदान | ८०३२ | |
| ४ | सवारी बाँडफाँड कर | ५१४४ | |
| | जम्मा(१) | २३५८२२.९ | |
| १ | घरजग्गा रजिष्ट्रेशन | २०००० | |
| २ | चिसाङ खोला ढुङ्गा गिट्टि बिक्रि | १०००० | |
| ३ | वडागत राजस्व मौज्दात सहित | २३००० | |
| ४ | आन्तरिक राजस्व | ८६३५.१ | |
| | आन्तरिक श्रोत(२) | ६१६३५.१ | |
| | जम्मा आय(१+२)(क) | ३०२४५८.० | |
| | सशर्त अनुदानको रुपमा प्राप्त हुने आय | | |
| १ | संघिय सशर्त अनुदान | २४१२०० | |
| २ | संघिय समपुरक अनुदान | १०००० | |
| ३ | संघिय विशेष अनुदान | २०००० | |
| ४ | प्रदेश सशर्त अनुदान | ४०२५ | |
| ५ | प्रदेश समपुरक अनुदान | १०००० | |
| | जम्मा(ख) | २८५२२५ | |
| | जम्मा आय(क+ख) | ५५९०४७.९ | |

व्यय तर्फ-

| सि.नं. | व्यय शीर्षक | अनुमानित रकम (रु.हजार) | कैफियत |
|---|---|---|---|
| १ | गाउँ कार्यपालिका चालु खर्च | ६६५८१ | |
| | वडागत(७ वटै वडा) चालु खर्च | २५३२३ | |
| २ | आर्थिक विकास तर्फ | १७१५० | |

मिति २०८०।०३।०९ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय

विष्णु कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

राजमती ढुङ्गाना
अध्यक्ष

CamScanner

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२९/२०७९/०८०

| | | | |
|---|---|---|---|
| ३ | सामाजिक विकास तर्फ | ५७००० | |
| ४ | पुर्वाधार विकास तर्फ | ५५००४ | |
| ५ | वातावरण तथा विपद् व्यवस्थापन तर्फ | १८५०० | |
| ६ | संस्थागत विकास तथा सेवा प्रवाह तर्फ | २१५०० | |
| ८ | वडागत सिलिङ (७ वटै वडा) | ४१४०० | |
| | जम्मा (क) | ३०२४५८.० | |
| ९ | सशर्त अनुदान(नेपाल सरकार) | २४१२०० | |
| १० | सशर्त अनुदान(प्रदेश सरकार) | ४०२५ | |
| ११ | समपूरक अनुदान(नेपाल सरकार) | १०००० | |
| १२ | समपूरक अनुदान(प्रदेश सरकार) | १०००० | |
| १३ | विशेष अनुदान(नेपाल सरकार) | २०००० | |
| | जम्मा(ख) | २८५२२५ | |
| | कुल व्यय जम्मा(क+ख) | ५८७६८३.० | |

## निर्णय नं.(२)

प्रस्ताव नं.(२) माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा व्यवस्था भएको कानेपोखरी गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मार्गदर्शन वमोजिम सोहि ऐनको दफा ६७ मा व्यवस्था भएको कानेपोखरी गाउँपालिकाको वजेट तथा कार्यक्रम तर्जुमा समितिको २०८०।०३।०९ गते बसेको बैठकबाट आगामी आर्थिक वर्ष २०८०।०८१ का लागि मस्यौदा तयार भएको १०४ बुँदे नीति तथा कार्यक्रम यस बैठकबाट सर्वसम्मतरुपमा पारित गर्दै भोलि मिति २०८०।०३।१० गते दिउँसो १२.० वजे वस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको गाउँ सभा १४ औं अधिवेशनको पहिलो वैठकमा स्वीकृतीका लागि पेश गर्ने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

## निर्णय नं.(३)

प्रस्ताव नं.(३) माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा व्यवस्था भएको कानेपोखरी गाउँपालिकाको बजेट तथा कर्यक्रम तर्जुमा समितिले सोही ऐनको दफा ६६ मा व्यवस्था भएको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मार्गदर्शन एवम् बजेट सिलिङ बमोजिम मस्यौदा तयार भई गाउँपालिकाका अध्यक्षज्यू समक्ष पेश गरेको कानेपोखरी गाउँपालिकाको विनियोजन विधेयक, २०८० को मस्यौदा उपर यस बैठकमा दफावार छलफल भयो र भोलि मिति २०८०।०३।१० गते बस्ने कानेपोखरी गाउँपालिकाको गाउँ सभा १४ औं अधिवेशनको पहिलो बैठकमा पेश हुने १०४ बुँदे नीति तथा कार्यक्रम उपर कुनै सुझाव प्राप्त हुन आएमा उक्त विषय समेतलाई समेटी सोहि बमोजिम विनियोजन विधेयक समेत परिमार्जन गरी गाउँ सभाको १४ औं अधिवेशनमा स्वीकृतिका लागी पेश गर्ने भनि सर्वसम्मतबाट पारित गरियो।

**मिति २०८०।०३।०९ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय**

राजमती इङ्नाम
अध्यक्ष

CamScanner

**कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२९/२०७९/०८०**

## निर्णय नं.(४)

प्रस्ताव नं.(४) माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा व्यवस्था भएको कानेपोखरी गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिको मिति २०८०।०१।०५ गते बसेको बैठकले आगामी आर्थिक वर्ष २०८०।०८१ का लागि सोही ऐनले निर्धारण गर्ने क्षेत्रधिकारभित्र गाउँपालिकाले लगाउन सक्ने कर तथा गैर करको दर र दायरा सम्बन्धी वियष समावेश गरी तयार गरेको कानेपोखरी गाउँपालिकाको आर्थिक विधेयक,२०८० का विषयमा यस बैठकमा जानकारी भयो र उक्त विधेयक १४ औं गाउँसभा अधिवेशनमा स्वीकृतिका लागि पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

## निर्णय नं.५

प्रस्ताव नं.(५) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिका, वार्ड नं.३ मा सुरक्षित आवास परियोजना ह्याविटयाट फर ह्युमुनिटी नेपाल, साहारा नेपाल र कानेपोखरी गाउँपालिका बिच त्रिपक्षिय सम्झौता भै सुरक्षित आवास निर्माण परियोजनाको म्याद यहि २०८० साल असार १५ मा समाप्त हुने भएको र सो अवधीमा उक्त प्रोजेक्टको सम्पूर्ण कार्य नसकिने हुनाले यहि २०८० साल असोज १५ सम्म उक्त परियोजनाको म्याद थप गरिदिने भनि सर्वसम्मतीले निर्णय पारित गरियो।

## निर्णय नं.६

प्रस्तावन नं.६ माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको वार्ड नं.४ स्थित बयरवन बजारको हटिया लाग्ने स्थानमा खाल्डा खुल्डी भएकाले वर्षाको समयमा बजार संचालन तथा व्यवस्थापनमा समस्या भएको र उक्त स्थानमा मिस गिट्टी पुरी सम्याउन कार्यको लागी बजेट रु.५०,०००।– (पचास हजार) व्यवस्थापन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

## निर्णय नं.७

प्रस्ताव नं.(७)माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाका विभिन्न वडाहरुमा फुसका छाना भएका घरहरुमा जस्तापाता उपलब्ध गराउनका लागि टेण्डर प्रकृयाबाट खरिद भएको जस्तापातालाई निम्न विवरण बमोजिम वडा कार्यालयहरुमा वितरण गर्ने भनि सर्वसम्मतीबाट निर्णय पारित गरियो।

| क्र.स. | वडा | जस्तापाताको साईज | | कैफियत |
|---|---|---|---|---|
| | | ८ फुटे | ७ फुटे | |
| १ | १ | ८ बण्डल | ५ बण्डल | |
| २ | २ | १४ बण्डल | ५ बण्डल | |
| ३ | ३ | १४ बण्डल | ५ बण्डल | |
| ४ | ४ | ८ बण्डल | ५ बण्डल | |
| ५ | ५ | ८ बण्डल | ५ बण्डल | |
| ६ | ६ | ८ बण्डल | ५ बण्डल | |
| ७ | ७ | ८ बण्डल | ५ बण्डल | |
| ८ | गाउँपालिका | १२ बण्डल | १६ बण्डल | |
| जम्मा | | ८० बण्डल | ५१ बण्डल | |

**मिति २०८०।०३।०९ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय**

CamScanner

**कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२९/२०७९/०८०**

**निर्णय नं.८**

प्रस्ताव नं.(८) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको कार्यालय, अध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतको विरुद्धमा उत्प्रेरण परमादेशको लिखित जवाफ तयार गरी पेश गर्नको लागी लागेको खर्च र जसको लागी लागेको वकिल खर्च समेत गाउँपालिकाबाट भुक्तान गर्ने निर्णय सर्वसम्मतीबाट पारित गरियो।

**निर्णय नं.९**

प्रस्ताव नं.(९) माथि छलफल गर्दा देहाय बमोजिमको निर्णय सर्वसम्मतबाट पारित गरियो ।

१) वार्ड नं.२ को लागि सुरक्षित नागरिक आवासमा जाने बाटो स्तरोन्नतीको लागि रु.१ लाख मर्मत सम्भार कोषबाट खर्च गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

२) शिक्षा विकास मा.वि. सम्म जाने सडकको स्तरोन्नतीको लागि रु.१ लाख मर्मत सम्भार कोषबाट खर्च गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

३) शहिद रत्नकुमार वान्तावा राष्ट्रिय खुला बुद्धिचाल प्रतियोगीता व्यवस्थापन वापत फ्रेण्डसिप चेस क्लब पथरी-१,मोरङ्गलाई ,रु.२५०००।– आर्थिक सहायता उपलब्ध गराउने निर्णय सर्वसम्मतबाट पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

**मिति २०८०।०३।०९ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय**

विष्णु कुमार शेरवा
प्रमुख प्रशासकीय अधिकृत

राजमणि इङ्नाम
अध्यक्ष

CamScanner